**ओमसतिया गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**हाटीफर्साटिकर,रुपन्देही ।**
**शिलबन्दी वोलपत्र सम्बन्धि १५ ( पन्ध्र) दिने सूचना ।**
**प्रथम पटक प्रकाशित मिति २०७६/०५ /९**
**सूचना नं. १।०७६।७७**

**ठेक्का नं. IR-01/076/077**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा २घ अनुसार यस गाउँ कार्यपालिकाबाट आ.व. ०७६।७७ को लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले कार्यपालिकाको निर्णयानुसार तोकिएको दररेटमा ठुटेपिपल हाटबजार बिक्री कर संकलनको ठेक्का लिने ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट तोकिएको न्युनतम अंकमा नघटने गरी निम्नानुसारको विषय क्षेत्र भित्र सिलबन्दी बोलपत्र खरिद गरी पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएको सिलबन्दी बोलपत्र उपर कुनै कार्यवाही हुने छैन ।

| सि.न. | आन्तरिक आय ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | आ.व. ०७६।७७ का लागि कायम न्युनतम अंक (मु.अ.कर बाहेक) | बोत्रपत्र फाराम दस्तुर | धरौटी /संचालन रकम |
|---|---|---|---|---|---|
| १ | IR-1/076/77 | ठुटिपिपल हाटबजार | एकमुष्ठ २७,५०,०००।- (अक्षेरुपी सत्ताइस लाख पचास हजार मात्र) | २०००।- (फिर्ता नहुने गरी) | मु.अ.कर सहित कबोल अंकको ५% प्रतिशत |

**आवश्यक शर्तहरु**

- ❖ बोलपत्र फार्म खरिद गर्दा व्यक्तिको हकमा नेपाली नागरिक भए नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, फर्मको हकमा अद्यावधिक फर्म दर्ता एवं अद्यावधिक फर्म सूचिकरण प्रमाण पत्रको प्रतिलिपी, मु.अ.कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, आ.व.०७५।७६ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी, साथै लिखित निवेदन संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र ओमसतिया गाउँ कार्यपालिकाको कार्यालय हाटीफर्साटिकर, रुपन्देहीबाट लिन सकिनेछ ।
- ❖ खरिद गरिएका बोलपत्र फाराम रितपुर्वक भरी सूचना प्रकाशित भएको मितिले १६ औ दिनको १२:०० बजे भित्र यस कार्यालयमा दाखिला गर्न सकिनेछ । दाखिला हुन आएका बोलपत्रहरु सोही दिनको २:०० बजे यस कार्यालयमा उपस्थित बोलपत्र दाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।

- ❖ बोलपत्र पेश गर्दा आफुले कबोल गरेको मु.अ.कर सहित रकमको ५% ले हुने आउने धरौटी रकम एनएमवि बैंक लिमिटेड, ठुटिपिपल, शाखामा रहेको धरौटी खाता हि.नं. ०४०००५७७६४५०००४७ मा जम्मा गरेको सक्कल भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तीमा १२० दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको सक्कल बैंक जमानी पत्र ( बिडबण्ड) अनिवार्य रुपमा सिलबन्दी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।
- ❖ बोलपत्र भर्दा आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखि पेश गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।
- ❖ बोलपत्र स्वीकृत भएको मितिले ७ दिन भित्र कबोल अंकको आधा रकम यस गाउँपालिकाको एनएमबि बैंक लिमिटेड, ठुटिपिपल शाखाको मुल खाता हि.नं. ०४०००५७६४५०००१७ मा जम्मा गर्नुपर्नेछ र बाँकी रकम ०७६ पौष मसान्तभित्र जम्मा गर्नु पर्नेछ । बोलकबोल अनुसारको सम्झौता भएको रकम कुनै पनि अवस्थामा छुट हुने छैन ।
- ❖ बोलपत्र फाराम रु. २,०००।- (दुईहजार) को नगदी रसिद काटी (फिर्ता नहुने गरी) यस कार्यालयबाट कार्यालय समयमा प्राप्त गर्न सकिने छ ।
- ❖ ठेकेदार र कार्यालय बिचमा ठेक्का सम्बन्धी कुनै किसिमको झै झमेला पर्न आएमा सोको समाधान गर्न ओमसतिया गाउँपालिकाले निर्णय गर्नेछ । गाउँपालिकाको निर्णय नै अन्तिम हुनेछ ।
- ❖ सेवा शुल्क तथा कर उठाउने सम्पूर्ण दायित्व ठेकेदारको हुनेछ । त्यसमा कार्यालयले कुनै जिम्मेवारी वहन गर्ने छैन । साथै, प्रचलित कानुन बमोजिम तिर्नु पर्ने सम्पूर्ण करहरु ठेकेदार स्वयंले बुझाउनु पर्नेछ ।
- ❖ अनुगमन समितिले अनुगमन गर्दा कानुन र मापदण्ड बमोजिम नपाईएमा प्रचलित कानुन बमोजिम कार्यवाही हुनेछ ।
- ❖ कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम छुट/मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुने छैन ।
- ❖ हाटबजार संचालन गर्दा उठाउनु पर्ने करको दर गाउँपालिकाको सूचना पाटी र वेवसाइट www.omsatiyamun.gov.np हुनेछ ।
- ❖ प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- ❖ यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।
- ❖ बोलपत्र सम्बन्धी अन्य थप जानकारी लागि यस गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न वा ९८५७०१७६८१ मा फोन गरी थप जानकारी लिन सकिने छ ।

प्रमुख प्रशासकिय अधिकृत